नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
समृद्धिका लागि बन कार्यक्रम
बबरमहल, काठमाडौं

# स्नातकोत्तर शोधपत्र अनुसन्धानका लागि प्रस्ताव आह्वान सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/९/२०

यस रेड कार्यान्वयन केन्द्र, समृद्धिका लागि वन कार्यक्रमबाट वन तथा वातावरण सम्बन्धी स्नातकोत्तर अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत विद्यार्थीलाई शोधपत्र (Thesis Grant) निम्ति सहयोग प्राप्त गर्न इच्छुक विद्यार्थीहरुबाट यस केन्द्रको स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अनुसन्धानका लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यो सूचना प्रकाशित भएको मितिबाट २१(एक्काइस) दिनभित्र रीतपूर्वक कागजात सहित दरखास्त आह्वान गरिएको छ।

१ **शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषवस्तु :**

नेपालको बन संरक्षण तथा व्यवस्थापन, बन डढेलो, बन उद्यम विकास, बन सम्वर्द्धनमा आधारित प्रणाली, बन क्षेत्रमा लैङ्गिक तथा समाजिक समावेशीकरणसंग सम्बन्धित निम्न विषयबस्तु समेट्ने शिर्षकमा शोधपत्र तयार गर्नुपर्ने छ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्राथिमक श्रोतको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

क. वनको संरक्षण तथा व्यवस्थापन सम्वन्धि अध्ययन
ख. सामजिक-आर्थिक क्षेत्र सम्बन्धि अध्ययन
ग. जलवायु तथा यसको परिवर्तन सम्बन्धि अध्ययन
घ. भू-उपयोग तथा भूछत्र सम्बन्धि अध्ययन
ङ. सिमसार तथा जलस्रोत सम्बन्धि अध्ययन
च. बन जन्य उद्योग तथा पर्यापर्यटन अध्ययन
छ. विकास र संरक्षण सम्बन्धि अध्ययन

केन्द्र प्रमुख
सह-सचिव (प्रा.)

२ आवेदकको योग्यता

आवेदन गर्दा निम्न बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातकोत्तर तहको थेसिस तयार गर्ने वा प्रस्ताव छनोटको चरणमा (वार्षिक प्रणाली भए दोश्रो वर्ष र सेमेस्टर प्रणाली भए तेश्रो वा चौथो सेमेस्टर) अध्ययनरत हुनुपर्नेछ ।

(ख) रेड कार्यान्वयन केन्द्रवाट स्वीकृत यसै सम्वन्धि कार्यविधि २०८१ मा उल्लेखित बिषयवस्तु समेट्ने शिर्षक सम्वन्धि शोधपत्र प्रस्ताव तयार गर्नु पर्नेछ ।

३ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

(क) अध्ययनरत शैक्षिक संस्थाको शोधपत्रको शिर्षक सहितको सिफारिस पत्र ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ग) स्नातक तह र अध्ययनरत स्नातकोत्तर तहको प्रथम वर्ष वा थेसिस तयार गर्ने वा प्रस्ताव छनोट गर्ने भन्दा पहिलेको (प्रथम/ द्वितीय/ तृतीय) सेमेस्टरको प्रमाणपत्रको छायाँकपि । द्वितीय वा तृतीय सेमेस्टरको प्रमाणपत्र प्राप्त नभैसकेको अवस्था भएमा प्रथम सेमेस्टरको प्रमाणपत्रको छायाँकपि ।

(घ) अपाङ्ग/दलित/आदीवासी जनजाती/ मधेशीको हकमा प्रमाणित हुने सम्बन्धित निकायबाट जारी परिचयपत्र/ कागजातको छायाँकपि ।

(ङ) समुदायमा आधारित वनको उपभोक्ता भएमा सो रहेको प्रमाण पत्र वा पत्र

(च) शोधपत्रको प्रस्तावको ढांचा यसै सम्वन्धि कार्यविधिको अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(छ) आवेदनकर्ताले यसै सम्वन्धि कार्यविधिको अनुसूची-२ मा तोकिएको आवेदन फाराम भरी सूचनामा उल्लेख भए अनुसारको ढाँचामा तयार पारिएको अनुसन्धान प्रस्तावको छायाँकपि (हार्ड कपि दुइ प्रति र सफ्ट कपि) पेश गर्नु पर्नेछ ।

४. आवेदन पेश गर्ने ठेगाना र समय

यस सम्वन्धि आवेदन गोरखापत्र दैनिकमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र वा मिति २०८१।१०।११ गते ४.०० वजे सम्ममा रेड कार्यान्वयन केन्द्र, ववरमहलमा बुझाउनु पर्नेछ ।

५. रकम र संख्या

प्रति विद्यार्थि वढिमा रु ७५,००० का दरले ११ जना विद्यार्थिको लागि Thesis Grant को व्यवस्था हुनेछ ।

६.थप जानकारी

यस सम्वन्धि विस्तृत विवरणको लागि रेड कार्यान्वयन केन्द्रवाट स्वीकृत शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ हेर्नु हुन अनुरोध छ ।